# बहुप्रतिभाशाली लेखकको रूपमा पहिचान राखेका छन् असीत राईले : निवासराव

**सिलगढ़ी, ३१ मार्च।** भारतीय नेपाली साहित्यका उज्ज्वल नक्षत्र तथा वयोवृद्ध लेखक असीत राईको निधनमा साहित्य अकादमीका महासचिव डा. के निवासराव एउटा प्रेस विज्ञप्ति जारी गरेका छन्। जसमा भनिएको छ, असीत राई एक बहुप्रतिभाशाली लेखक थिए। साहित्यको विभिन्न विधामा उनले पुस्तकहरू लेखे तापनि उनी मुख्यरुपमा उपन्यासकार हुन्। यसक्रममा उनको उन्नाइस वटा उपन्यास, पाँचवटा कथा संग्रह, आलोचना र साहित्यिक इतिहासका चार अनि अरू विषयका पाँचवटा पुस्तकहरू प्रकाशित भएका छन्। उनका महत्वपूर्ण उपन्याहरू हुन्, त्यो हिमाल, यो जीवन, दृष्टिहीन दृष्टि, जिन्दगीको सङ्घर्ष, अस्तित्वको खोज, प्रेमको अर्को रुप, पहिरो जाने पहाड यो, भोक र भोग, नयाँ क्षितिजको खोज, चिन्हारीको खोज र चक्रव्यूहका अभिमन्यहरू। उनको पहिलो कथा सङ्ग्रह वसन्त रङ्ग १९६३ मा प्रकाशित भएको थियो। कथा विधाको नयाँ बाटो खोज्ने प्रयासका कुराहरू उनका अरू कथा सङ्ग्रह अरूले नचिनेको म, अमूल्य पुरस्कार, सन्त्रस्त जीजीविषा र समय पीड़ा आदिमा पाइन्छ।

असीत राईका चार कविता सङ्ग्रह पनि प्रकाशित छन्। अक्टुपस, आफूलाई केही पर उभ्याएर हेर्दा, शताव्दि सम्बोधन र जीवन प्रतिरुप ममा। कृतिहरूमा ब्यङ्ग्य नाटक- मेरो भारत महान्, एकाङ्की सङ्ग्रह- एकाङ्की यात्रा पनि प्रकासित छन्। असीत राई नेपाली साहित्यका प्रारम्भिक इतिहासकारहरूमध्ये एक हुन्। भारतीय नेपाली साहित्यको विकासक्रम उनको पहिलो साहित्यिक इतिहासको पुस्तक हो भने अर्को पुस्तक नेपाली साहित्यिकको इतिहास परिचय प्रकाशित छ। उनको बाल कविता सङ्ग्रह- गाऊँ र नचाऊँ २०१३ प्रकाशित पुस्तक हो। साहित्य अकादमीको राइटर इन रेसिडेन्स योजना अन्तर्गत पनि राईले नेपाली साहित्यको सर्वेक्षण र अध्ययन नामक पुस्तक तयार गरेका थिए। उनका थुप्रै रचनाहरू विभिन्न तहका पाठ्यपुस्तकहरूमा समाविष्ट छन् भने उनका कृतिहरूमाथि शोध पनि भएको छ।

असीत राई नेपाली साहित्य अकादमी, दार्जीलिङ, डीजीएचसी पाठ्यक्रम समिति, दार्जीलिङ, शिवकुमार राई अकादमी, दार्जीलिङ, साहित्य अकादमीको नेपाली भाषा परामर्श मण्डल, प्राथमिक पुस्तकका लागि राज्य शोध एवं प्रशिक्षण परिषद आदि संस्थानहरूसित सम्बद्ध थिए। राष्ट्रिय शिक्षक पुरस्कार, शिक्षकहरूको आजीवन उपलब्धि पुरस्कार, रत्नश्री स्वर्ण पदक तथा सुभद्रा कुमारी चौहान शकाव्दि सम्मानद्वारा सम्मानित राईको उपन्यास नयाँ क्षितिजको खोजलाई १९८१ मा साहित्य अकादमी पुरस्कारद्वारा पुरस्कृत गरिएको थियो भने २०१४ मा साहित्य अकादमीको सर्वोच्च सम्मान महत्तर सदस्यता (फेलो)द्वारा अलङकृत गरिएको थियो। प्रगतिवादी, यथार्थवादी अनि अस्तित्ववादी बरिष्ठ साहित्यकार असीत राईको निधनमा भारतीय साहित्य जगतमा अपूरणीय क्षति भएको छ। यसमा साहित्य अकादमी उनलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकित उको परिवारमा यस्तो दुःखद घडीको सहन गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनी प्रार्थना गरिन्छ।